

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १२५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ ५ गते शनिबार ❑ 18 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## सञ्चालकहरुको लापरवाहीको शिकार सहकारी अभियान बन्यो : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, ४ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले सहकारीका सञ्चालकहरूले गरेको लापरवाहीको शिकार सहकारी अभियान भएको बताउनुभएको छ।

नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कुन)को आयोजना तथा सहकारी विभागको साझेदारीमा पोखरामा शुक्रबार आयोजना गरिएको 'साकोस जोखिम विश्लेषण कार्यशाला'लाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो । नियामक निकायले चेतावनी दिने, प्रोत्साहन गर्ने काम नगरी सहकारी अभियान्तामाथि दोष थुपारेर मात्र समस्याको समाधान नहुने उहाँको भनाई छ । आर्थिक नियमको उल्लघन गर्ने सञ्चालकले नै सहकारी क्षेत्रमा समस्या ल्याइदिएको उहाँको दावी छ । 'कहिले व्यवस्थापकले सञ्चालकको काम गरिदिएको हुन्छ, कहिले सञ्चालकले व्यवस्थापकको काम गरिदिएको हुन्छ, कहिलेकाही लेखा सुपरिवेक्षण नै नाम मात्रको हुन्छ' उहाँले भन्नुभयो । सहकारी




अभियान समाप्त भयो भने संविधान नै अपूरो हुने भन्दै सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्दै ठीक अवस्थामा राख्नको लागि सबैले ध्यान पुऱ्याउनुपर्ने बताउनुभयो । 'सहकारी अभियान समाप्त भयो भने संविधान नै अपुरो हुन्छ, त्यसतर्फ सेयरसदस्य, मन्त्रीदेखि प्रधानमन्त्रीसम्म र हामीसम्म सबैले ध्यान पुऱ्याउनै पर्ने विषय छ' मुख्यमन्त्री अधिकारीले थप्नुभयो। सहकारी क्षेत्रमा अस्वस्थ प्रतिष्पर्धा भएको कारण लगानी सही ठाउँमा हुन नसकेको र दोहोरोपना देखिएको खुलाउनुभयो । 'सेयर सदस्यलाई थाहा छैन, आउनुहोस् ऋण दिइहाल्छु भन्यो, अस्वस्थ प्रतिष्पर्धा देख्छु म' उहाँले भन्नुभयो। सेयर सदस्यले समेत सहकारीको विषयमा चासो राख्नुपर्नेमा उहाँको जोड छ।

नयाँ प्रवर्तनका कामहरु रोजगारी सिर्जनाका कामहरु संस्थाले गरेको छ छैन भन्नेमा सेयर सदस्यको चासो हुनुपर्नेमा उहाँको जोड थियो । 'बोनस बाँड्ने काम हुन्छ, पोहोर घट्यो अहिले बढ्यो भन्ने बाहेक सेयर सदस्यलाई धेरैं चासो हुँदैन, कहिलेकाही व्यानर टाँसेर घुमाइन्छ, के-के भइरहेको छ भन्ने चासो पनि छैन' उहाँले भन्नुभयो। सञ्चालकहरूको लापरवाहीको शिकार पोखराको सहकारी अभियान भइरहेको भन्दै सहकारीबाट अर्बौंको रकम अपचलन भएको कारण राजनीतिक वृत्तमा पनि ठुलो चुनौती खडा गरेको सुनाउनुभयो । राजनीतिक तहमा सहकारीको बारेमा नबुझ्नेहरु हुँदा समेत समस्या भएको नेकपा (एमाले) को स्थायी कमिटी सदस्य समेत रहनुभएका उहाँले बताउनुभयो।

सहकारी क्षेत्रमा देखिएका जोखिम पत्ता लगाउन नेफ्स्कुनले तयार पारेको इन्डीकेटरले कतिको काम गर्छ आफूले हेरिरहेको उहाँले खुलाउनुभयो । यथार्थ विवरण सहित सहकारीमा देखिएका समस्याको समाधान गर्न कार्यशालाले सघाउने विश्वास उहाँको छ । सहकारीको जोखिम स्तर विश्लेषण गर्न सक्ने बनाउने लक्ष्यका साथ आयोजना भएको कार्यशालमा नियमित अनुगमन नभएका ३२ वटा संस्थाको प्रतिनिधित्व रहेको नेफ्स्कुनका अध्यक्ष चन्द्रप्रसाद ढकालले जानकारी दिनुभयो । २०४५ सालमा स्थापना भएको नेफ्स्कुन ७६ जिल्लामा फैलिएको छ । यसका ४ हजार ६ सय ५० जना प्रत्यक्ष सदस्य रहेका छन्।

## वडा १२ का सामुदायिक विद्यालयहरुमा संस्कार शिक्षा पाठ्यक्रम लागू

**पोखरापत्र संवाददाता**
पोखरा, ४ जेठ



पोखरा महानगरपालिकाले वडा नं. १२ ले पनि आफ्नो क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा संस्कार शिक्षा पाठ्यक्रम लागू गर्ने भएको छ।

वडा नं. १२ भित्रका सबै सामुदायिक विद्यालयहरुमा कक्षा ७ र कक्षा ११ मा संस्कार शिक्षा लागू गर्न लागिएको हो। पूर्वीय दर्शनका अध्यता तथा व्याख्याता डा. केएन स्वामीले तयार पारेको संस्कार शिक्षा पोखरा महानगरपालिका बाहेक अन्य केही स्थानीय तहहरुले लागू गर्ने तयारी गरिरहेका छन । अमरसिंह मा.वि. ले यही सालको शैक्षिकसत्रदेखि संस्कार शिक्षा सुरु गरिएको गरिरहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्ण प्रसाद कोईरालाले जानकारी दिए । पहिलो चरणमा कक्षा ७ र ११ मा संस्कार शिक्षा लागू गर्न लागिएको छ । अन्य निजी विद्यालयहरुमा पनि संस्कार शिक्षा लागू गर्ने भनेर गृहकार्य भइरहेको वडाध्यक्ष सन्तोष बास्तोलाले जानकारी दिए।

हाम्रो संस्कार, संस्कृति, परम्परा र माटो संरक्षण सँगै पुस्तान्तरण गर्नु पनि हाम्रो कर्तब्य रहेको वडा अध्यक्ष बाँस्तोलाले भने। यसै शैक्षिकसत्रदेखि संस्कार शिक्षा लागू गर्नको लागि पोखरा महानगरपालिका वडा नं. १२ का वडाध्यक्ष सन्तोष बास्तोलाले र डा. केएन स्वामीबीच छलफल पनि भएको थियो । सोही छलफलले चालु शैक्षिकसत्रदेखि नै संस्कार शिक्षा लागू गर्ने गरी गृहकार्य अघि बढाएको हो । पोखरा महानगरपालिका वडा नं. १२ भित्र ३ वटा सामुदायिक विद्यालयहरु छन। यी विद्यालयमा ४ हजार ३ सय बढी विद्यार्थी अध्ययनरत रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्ण प्रसाद कोईरालाले जानकारी दिए।

## पोखरामा शनिबार राष्ट्रिय साइकल दौड प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, ४ जेठ

साइक्लिङको माध्यमबाट खेल पर्यटनको प्रवर्द्धन गर्ने उद्देश्यले पर्यटनको राजधानी पोखरामा भोली राष्ट्रिय साइकल दौड प्रतियोगिता हुँदैछ।

पोखरा महानगरपालिका खेलकुद विकास समितिको आयोजनामा तेस्रो संस्करणको राष्ट्रिय साइकल दौड प्रतियोगिता हुन लागेको छ। महिला, पुरूष र 'रन फर फन' गरेर तीन विधामा प्रतियोगिता सञ्चालन हुने समितिका अध्यक्ष दीपकबहादुर गोदारले आज आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो । गोदारका अनुसार प्रतियोगिताको सबै तयारी पूरा भएको छ । प्रतियोगिताको रूट पोखरा-१७ र पोखरा-२१ मा पर्ने गरेर तय गरिएको सहआयोजक कास्की जिल्ला साइक्लिङ सङ्घका अध्यक्ष शङ्कर भण्डारीले बताउनुभयो।प्रतियोगितामा पुरूषतर्फ २८ किलोमिटर र महिलातर्फ २० किलोमिटरमा खेलाडीबीच प्रतिस्पर्धा हुनेछ।

पोखरा-१७ पावर हाउसबाट बिहान प्रतियोगिता सुरू हुनेछ। पावर हाउसबाट सुरू हुने दौड महतगौँडा-दोबिल्ला झोलुङ्गे पुल हुँदै पोखरा-२१ फेदीपाटन-खर्स्याङ-निर्मलपोखरी-फेदीपाटन-दम्सादी हुँदै पावर हाउस आएर टुङ्गिने छ । प्रतियोगितामा एक सय जना खेलाडी सहभागी हुने आयोजकको अनुमान छ।

प्रतियोगितामा सहभागी खेलाडीको रु पाँच लाख बराबरको बीमा गरिएको अध्यक्ष गोदारलले जानकारी दिनुभयो ।

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पोखरा सहित कास्कीमा बोइलर कुखुराको मासुको मुल्य घट्यो

**पोखरापत्र संवाददाता**
पोखरा, ४ जेठ

पोखरा सहित कास्कीमा बोइलर कुखुराको मासुको मुल्य घटेको छ।

पोखरा सहित कास्कीमा हालसम्मकै बोइलर कुखुराको मासुको उच्च मुल्य भए पनि शुक्रबारदेखि लागु हुने गरी बोइलर कुखुराको मासुको मुल्य घटेको पोल्टी व्यवसायी संघ कास्कीले जनाएको छ।

शुक्रबार देखि लागु हुने गरी जिउँदो कुखुराको किसान मुल्यमा ३ सय १० बाट घटेर ३ सय रुपैया कायम भएको संघ कास्कीका अध्यक्ष फौदसिंह भण्डारीले बताउनु भयो । त्यसै गरी शुक्रबार देखि लागु हुने गरी



उपभोक्ता मुल्यमा प्रति केजी २० रुपैया घटेको उहाँले जनाउनु भयो । हाल पोखरा सहित कास्कीमा लागु भएको स्पेशन बोइलर कुखुराको मासु प्रतिकेजी ५ सय २० रहेको छ भने यो मुल्य आज देखि प्रतिकेजी ५ सय रुपैया कायम भएको अध्यक्ष भण्डारीले जनाउनु भयो । ४ सय ७० रुपैया प्रतिकजी होल चिकेनको मुल्य हाल कायम भए पनि उक्त मुल्य शुक्रबार देखि भने २० रुपैया घट्दा ४ सय ५० मा कायम भएको हो । गत वैशाख २२ गते देखि पोखरा सहित कास्कीमा बोइलर कुखुराको मासुको मुल्य हालसम्मकै महङगो भए पनि शुक्रबार संघको बैठकले कुखुराको मासु उत्पादनमा केही बृद्धि भएसंगै मुल्य समायोजन गर्दा प्रतिकेजी २० रुपैया घटेको अध्यक्ष भण्डारीले जनाउनु भयो। गण्डकी प्रदेशको राजधानि तथा नेपालकै पर्यटनको राजधानि पोखरामा भने हाल दैनिक जसो करिब ५० हजार केजी बोइलर कुखुराको मासुको माग हुने गरेको व्यवसायीहरुले बताउनु हुन्छ। हुन त पोखरामा उत्पादन भएको तथा पोखरामा प्याकेजिङ तथा तयार पारिएको बोइलर कुखुराको मासु हिमालपारीको जिल्ला मनाङ र मुस्ताङसम्म पुग्ने गरेको छ।

## मुग्लिन-पोखरा सडक: पूर्वी खण्डमा एक सय ५५ दिन म्याद थप

**रासस**
दमौली, १ जेठ

निर्माणाधीन मुग्लिन-पोखरा सडक योजनाअन्तर्गत पूर्वी खण्डको म्याद एक सय ५५ दिन थप भएको छ । तनहुँको आँबुखैरेनीबाट जामुनेसम्मको निर्माण म्याद गत वैशाख २ गते सकिएको थियो।

पूर्वी खण्डका इन्जिनियर विष्णुप्रसाद पाण्डेका अनुसार उक्त खण्डमा एक सय ५५ दिन म्याद थप भएको छ । विविध कारणले समयभित्रै काम सम्पन्न हुन नसकेपछि म्याद थपको निर्णय गर्नुपरेको उहाँले बताउनुभयो । अब थपिएको म्यादभित्र उक्त खण्डको काम सम्पन्न हुनेमा उहाँले विश्वास व्यक्त गर्नुभयो। सडक आयोजनाले म्याद थपका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई पत्र लेखी पठाएको थियो। पूर्वी खण्डमा विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो। पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ।

इन्जिनियर पाण्डेका अनुसार यो खण्डमा हालसम्मको प्रगति ६० प्रतिशत छ। आँबुखैरेनीबाट जामुनेसम्म २२ दशमलव पाँच किलोमिटर चार लेन र सात दशमलव पाँच किलोमिटर दुई लेनमा कालोपत्र सकिएको छ । पश्चिम खण्डको म्याद भने विसं २०८१ भदौ १२ गतेसम्म रहेको छ। पश्चिम खण्डमा विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो।

यो खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एण्ड ब्रिज कन्सट्रक्सनले पाएको छ । हालसम्म पश्चिम खण्डमा २३ प्रतिशत प्रगति हासिल भएको छ। पश्चिम खण्डअन्तर्गत म्याग्दे, शुक्लागण्डकी र पोखराका केही भागमा एकतर्फी कालोपत्रको काम भइरहेको छ । पश्चिम खण्डका चार ठाउँमा प्रिकाष्ट प्रविधिबाट पुल निर्माण गरिनेछ । तनहुँको म्याग्देखोला, कुम्लेखोला, कोत्रेको सेती नदी र विजयपुलमा प्रिकाष्ट प्रविधिबाट पुल निर्माणको काम अगाडि बढाइएको छ । विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडिबी) को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा र पश्चिम खण्डको ठेक्का रु सात अर्ब ४० करोड ४६ लाखमा लागेको छ।

चार लेनको बन्दा सडक सीमा दुईतर्फी २५-२५ मिटर हुनेछ । बाक्लो बस्ती भएका स्थानमा ४१ मिटर चौडाइको सडक बन्नेछ । डिजाइनअनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटरको सडक बन्नेछ । दुलेगौडाबाट खैरेनीटार बजारसम्म, कोत्रे बजार क्षेत्र र कास्कीको गगनगौडाबाट पोखरासम्म सडकको चौडाइ ४६ मिटरको हुनेछ।






पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# जनप्रिय बहुमुखी क्याम्पसको क्याम्पस प्रमुखमा रमेशबहादुर खड्का

**पोखरापत्र संवाददाता**
पोखरा, ४ जेठ




पोखरा सिमलचौरस्थित जनप्रिय बहुमुखी क्याम्पसको क्याम्पस प्रमुखमा रमेशबहादुर खड्का नियुक्त भएका छन् ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष वीरेन्द्रनारायण विजुक्छेले नियुक्तिपत्र दिइ खड्कालाई क्याम्पस प्रमुखमा पदस्थापन गराए। अध्यक्ष विजुक्छेले विद्यमान चुनौतीलाई पार लगाई क्याम्पसको वृहत्तर विकास र शैक्षिक गुणस्तर सुधारका लागि काम गर्न सुझाउँदै क्याम्पसको प्रशासनिक र प्राज्ञिक उन्नयनमा लाग्न शुभकामना दिए । नवनियुक्त क्याम्पस प्रमुख रमेशबहादुर खड्काले पदभार ग्रहण गर्दै क्याम्पसको आन्तरिक नीतिनियमलाई चुस्तदुरुस्त व्यवस्थित बनाई समस्या समाधान गर्ने, विश्वविद्यालय अनुदान आयोगको कामलाई गतिशील बनाउने, शिक्षक कर्मचारीको वृत्ति विकासका लागि ठोस काम गर्ने, त्रिभुवन विश्वविद्यालयबाट नयाँ शैक्षिक कार्यक्रम ल्याउने, क्याम्पसलाई केन्द्रमा राखी जनप्रियको शाख र गरिमा बढाई शैक्षिक गुणस्तर अभिवृद्धि गर्न लागी पर्ने बताए।

खड्काले आफ्नो सक्रियता र सकारात्मक भूमिकालाई प्रभावकारी बनाउँदै बोलेरभन्दा पनि काम गरेर देखाउने प्रतिवद्धता गरे। विगत १५ वर्षदेखि अध्ययापनरत उपप्राध्यापक खड्का अर्थशास्त्रका एमफिल हुन् । यसअघि उनी सहयाक क्याम्पस प्रमुख थिए। २०७९ भाद्र २ गते मतदानबाट क्याम्पस प्रमुखमा छनौट भएका लोकराज भण्डारीले स्वाध्ययनका लागि राजिनामा दिएका थिए । क्याम्पस सञ्चालक समितिको जेठ ३ गतेको बैठकको निर्णय र क्याम्पस सञ्चालन सम्बन्धी नियमावली २०५४ को सातौं संशोधन २०७६ को नियमानुसार खड्कालाई निमत्त क्याम्पस प्रमुखमा नियुक्त गरिएको प्रशासक एकनारायण अर्यालले जानकारी दिए।

## पोखरामा...

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने महिला-पुरूष खेलाडीले जनही क्रमशः रु ५० हजार, रु तीन हजार र रु २० हजारका दरले नगदसहित मेडल र प्रमाणपत्र पुरस्कार पाउने खेलकुद विकास समितिका सदस्य सचिव सुवास खड्काले जानकारी दिनुभयो। चौँथो र पाँचौं हुनेले क्रमश : रु १० हजार र रु पाँच हजारसहित मेडल र प्रमाणपत्र पाउने छन् । प्रतियोगितामा सहभागी हुने पोखरा महानगरपालिकाभित्रका खेलाडी जसले दूरी सुरूमा पार गर्छ उसले नगद रु १० हजार पोखरा च्याम्पियनको उपाधि प्राप्त गर्ने बताइन्छ । प्रतियोगिताको सहआयोजक पोखरा महानगरपालिका-१७ का वडाध्यक्ष राधिका शाही योगीले पर्यटकीय राजधानी पोखरा भन्ने नारालाई सफल पार्न यस्ता प्रतियोगिताको महत्वपूर्ण भूमिका हुने बताउनुभयो। उहाँले स्वस्थ हुन खेलकुद आवश्यक रहेकाले वडाले विभिन्न खेल प्रतियोगिता गरेर स्वस्थ नागरिक र खेलाडी उत्पादनमा ध्यान दिएको बताउनुभयो । समितिका अध्यक्ष गोदारले महानगरले ग्रास रूटबाटै खेलाडी उत्पादनमा जोड दिएको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले १० वटा ग्रासरूट प्रतियोगिता गर्‍यौँ । यो भनेको विद्यालयसँग जोडिन्छ जहाँबाट खेलाडी उत्पादन हुन्छ, ।"

## दश महिनामा पाँच हजारभन्दा बढी डढेलो लाग्यो

**रासस**
काठमाडौं, ४ जेठ

करिब दश महिनाका अवधिमा पाँच हजार एक सय ३० वटा डढेलो सम्बन्धी घटना भएको छ।

वन तथा भू-संरक्षण विभागको तथ्याङ्कानुसार गत वैशाख महिनामा मात्र तीन हजार दुई सय ७० वटा डढेलोको घटना भएको छ। चालु आर्थिक वर्ष २०८०/८१ को साउनयताको तथ्याङ्क विश्लेषण गर्दा सबैभन्दा बढी यस वर्ष वैशाखमा डढेलोको घटना भएका छन्। विभागको तथ्याङ्कानुसार चालु आवका साउनमा डढेलोको घटना शून्य छ। वर्षात्को समयमा पानी पर्ने र वनजङ्गलको पातपतिङ्गर ओसिलो हुँदा डढेलो कम लाग्ने विभागले जनाएको छ। यसैगरी विभागको तथ्याङ्कानुसार भदौमा एक, असोजमा तीन, कात्तिकमा पाँच, मङ्सिरमा ३५, पुसमा एक सय तीना आगलागीका घटना भएका थिए।

यसैगरी माघमा जम्मा ८३ वटा आगलागीका घटना भए भने फागुनमा डढेलाको सङ्ख्या बढेर दुई सय छ पुग्यो।



रिच फर नेपाल, नेपालको संमन्वयमा जनसिद्ध विद्यालयमा भवन बनाउँदैः पोखरा महानगरपालिका वडा न २३ स्थित जनसिद्ध आधारभूत विद्यालयमा स्टिल स्टक्चरको दुई कोठा भवन निर्माण भइरहेको छ। निर्माणधिन भवनको अगाडि विद्यालयका कर्मचारीहरु । रिच पर नेपाल, अस्ट्रेलियाको सहयोगमा चेन्नाइवाट ल्याइएको सामानले भवन निर्माण गर्न लागिएको रिच फर नेपाल,नेपालका अध्यक्ष शिव थापाले वताउनु भयो। ३२ लाख रुपैयाँमा भवन निर्माण गरिने लक्ष्य राखिएको अध्यक्ष थापाले जानकारी गराउनु भयो। फोटोः शोभाकान्त सिग्देल

# चार रोटरी क्लवको जनसिद्ध विद्यालयमा नि:शुल्क दन्त शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, ४ जेठ



रोटरी क्लव अफ धुलीखेल, रोटरी क्लव अफ हर्भे बे सनराइज अस्ट्रेलिया, रोटरी क्लव अफ मध्यपुर र रोटरी क्लव अफ पोखरा लेकसाइडको संयुक्त आयोजनामा तीन दिने निःशुल्क दन्त शिविर विहीवारदेखी सुरु भयो । वडा नं २३ का वडा अध्यक्ष रामकाजी गुरुङले शिविरको उद्घाटन गर्नु भएको थियो।

पोखरा महानगरपालिका वडा नं २३ हर्पन स्थित जनसिद्ध आधारभूत विद्यालयमा शिविर शुरु भएको हो । शिविरमा पहिलो दिन एकसय भन्दा बढि व्यक्तिहरुको सहभागिता रहेको थियो । धुलीखेल अस्पताल दन्त विभागको सहयोगमा संचालन गरिएको शिविर शनिवार सम्पन्न हुने छ । शिविरमा डा. प्रतिक मरहठ्ठा, डा जितेन्द्र यादव, डा ओशा घिमिरे, डा लक्ष्मी पराजुली र अस्ट्रेलियाका डा निक ह्वाइटले शिविरमा दाँत परिक्षण तथा दाँत निकाल्ने कार्य गर्नुभएको थियो।

सोही दिन रोटरी क्लब अफ पोखरा लेकसाइडका अध्यक्ष शोभाकान्त सिग्देल र प्रेसिडेण्ट इलेक्ट उपेन्द्र अधिकारीले स्थानीय महिलाहरुलाई स्वास्थ्य सामाग्री वितरण गरेका थिए । शिविरमा विद्यालयमा अध्ययनरत विद्यार्थी, कर्मचारी र स्थानियको बाक्लो सहभागिता थियो । शिविरमा हर्पन, चयनपुर र ठुलेचौरवाट पनि स्थानीय वासीहरुको सहभागिता रहेको थियो। एक देखी कक्षा आठ सम्म पढाइ हुने विद्यालयमा १० जना कर्मचारी रहेको विद्यालयका प्रधानाध्यापक लेखवहादुर क्षेत्रीले वताउनु भयो । शिविर कार्यक्रमले यहाँ उपस्थित सवै जना खुशी हुनु भएको प्रधानाध्यापक क्षेत्रीले भन्नुभयो । विद्यालयमा बसाइसराईको कारण विद्यार्थी सख्या त्यति धैरै नभएको उहाँले जानकारी गराउनु भयो। विद्यालयका सहायक प्रधानाध्यापक विष्णुप्रसाद पराजुली र सूचना अधिकारी दिपकराज दाहालको पनि विद्यार्थी उल्लेखनीय नभएकोले कसरी विद्यार्थी बढाउने चिन्तामा रहको भन्नु भयो । रोटरी क्लव अफ धुलीखेलका पूर्व अध्यक्ष अशोक श्रेष्ठले विद्यालयमा राखिएको शिविरमा अस्ट्रेलियाका रोटरीको सहयोगले हामीलाई थप उर्जा मिलेको भन्नु भयो । ३० वर्ष अघिदेखी रोटरीमा सामाजिक कार्य गर्दै आएका अशोकले जानकारी दिदैं पोखराको वडा नं २३ मा राखिएको शिविरमा सहभागीहरु दन्त परिक्षण पछि धैरै खुशी हुँदै घर फर्कने क्रमले मलाई आगमी दिनमा झन् अगाढि बढ्ने प्रेणा मिलेका जानकारी दिनुभयो । शिविरको पहिलो दिन नै उल्लेखनीय सहभागिता भएको जहाँ ५० भन्दा बढि जनाको दाँत निकालिएको डा. प्रतिक मरहठ्ठाले वताउनु भयो । ७० वर्षको उमेरमा पहिलो पटक दाँत जाँच गर्न आएको स्थानीयवासीहरुको शिविरमा देखीएको खुशीको अनुहारले डा प्रतिकलाई पनि जीवनमा राम्रो पेशा रोजेका अनुभव आदनप्रदान गर्नुभयो।

त्यसैगरी डा जितेन्द्र यादव पनि पोखराको शिविरमा पोखरेली, रोटरी क्लव लेकसाइडले गर्नुभएको सत्कारले आत्मैदेखी खुशी भएको भन्नु भयो। अली अली दुख्दा हामी कहिले पनि अस्पताल जाँदैनौ तर आज रोटरीले घरदैलौमा नै दन्त शिविर संचालन गर्नाले किराले खाएको दाँत निकाल्ने अवसर मिलेकोमा विद्लयकी शिक्षिका कृष्णकुमारी पराजुलीले रोटरीलाई मुरी मुरी धन्यवाद व्यक्त गर्नु भयो । अझ हाम्रो स्थानमा स्वास्थ्य मुलक जनचेतना मुलक कार्यक्रम गर्नु पर्ने पराजुलीले खाँचो औलाउनु भयो।


**Embassy of India**
**Kathmandu (Nepal)**

**Vacancy Announcement**

1. ECHS Branch, Defence Wing, Embassy of India invites applications for the following post for ECHS Polyclinic Pokhara:-

| S.N. | Vacancy for the Post | Place |
|---|---|---|
| 1. | Gynaecologist | ECHS Polyclinic Pokhara |

2. For qualification, work experience, salary, terms & conditions and other details, see website www.indembkathmandu.gov.in
3. Applications to be submitted at the following address by 24 May 2024.

**Pokhara**
**Officer-in-Charge**
**ECHS Polyclinic**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**
**Tele No. : 061-433232, 434477**

**गण्डकी प्रदेश भित्रका कृषक वर्गमा मन्त्रालयको अनुरोध**

- यस मन्त्रालयले जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मार्फत कृषि तथा पशुपन्छी व्यवसाय सञ्चालनका लागि कृषि ऋण लिएका कृषकहरुलाई अधिकतम तीन वर्षका लागि ऋणको ५ प्रतिशत ब्याज रकम अनुदान उपलब्ध गराउँदै आएकाले सम्बन्धित जिल्लाबाट यस अवसरबाट लाभान्वित हुन कृषि ऋण लिएका र हालसम्म ब्याज अनुदान नपाएका कृषि पेशासँग सम्बन्धित सबैमा अनुरोध गर्दछौं ।
- बाली बिमा गरेका कृषकहरुलाई सम्बन्धित कृषि ज्ञान केन्द्र मार्फत बिमा शुल्क (प्रिमियम) को रकम अनुदान उपलब्ध गराईने भएकोले बाली बिमा गरी जोखिम न्यूनिकरण गर्दै आफ्नो लगानी सुरक्षित गर्नुहुन अनुरोध गर्दछौं ।
- उल्लेखित कार्यक्रमहरुको बारेमा थप जानकारीका लागि मन्त्रालयको वेबसाइट www.molmac.gandaki.gov.np बाट कार्यक्रमसँग सम्बन्धित मापदण्डहरू डाउनलोड गर्न तथा सम्बन्धित कृषि ज्ञान केन्द्र वा भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

गण्डकी प्रदेश सरकार
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
पोखरा नेपाल

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा**

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही **मिति जेठ ५ गते शनिबार** आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फो न ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# जनकल्याण पोखरा-११ क्लबस्तरीय भलिबलको फाइनल प्रवेश

पोखरापत्र संवाददाता
पोखरा, ४ जेठ

नेपाल लोकतान्त्रीक खेलकुद संघ कास्कीले पोखरामा आयोजना गरेको क्लबस्तरीय भलिबल प्रतियोगितामा जनकल्याण पोखरा-११ उपाधि नजिक पुगेको छ।

जनकल्याणले माछापुच्छ्रे गुराँसे भूमि घाचोकलाई ३-१ को सेटमा पराजित गर्दै उपाधि नजिक पुगेको हो । पोखरा महानगरपालिका-३ नदीपुरस्थित नेपाल छन्त्याल समाजको भलिबल कोर्टमा भएको पहिलो सेमिफाइनलमा खेलमा जनकल्याणले पहिलो सेट २५-१९ ले जितेपनि दोस्रो सेट २०-२५ ले गुमाएको थियो । तेस्रो र चौथो सेटमा पूनरागमन गर्दै जनकल्याणले २५-१३ र २५-२१ ले जितेको हो । जनकल्याणका भुपेन गुरुङ म्यान अफ द म्याच घोषित भए । यस्तै दोस्रो सेमिफाइनल खेल जिभिपि युके लण्डन र माछापुच्छ्रे गाउँपालिका भलिबल संघबीचको खेल लाइट प्रोस्टेटको कारण स्थगित भएको भलिबल संयोजक लामा अमृत गुरुङले जानकारी दिए । दोस्रो सेमिफाइनल खेल शनिबार बिहान सञ्चालन हुने संयोजक गुरुङले बताए । फाइनल खेल शनिबार नै हुनेछ। लिगकम नकआउटको आधारमा ९ टिमलाई दुई समूहमा विभाजन गरिएको थियो ।



समूह ‘ए’बाट जनकल्याण पोखरा-११ समूह विजेता र माछापुच्छ्रे गाउँपालिका भलिबल संघ समूह उपविजेता बन्दै सेमिफाइनल प्रवेश गरेका थिए । यस्तै समूह ‘बी’बाट जिभिपि युके लण्डन समूह विजेता र माछापुच्छ्रे गुराँसे भूमि घाचोक समूह उपविजेता बन्दै सेमिफाइनल प्रवेश गरेको थियो । ९ टिमको सहभागिता रहेको क्लबस्तरीय भलिबल प्रतियोगिता लिगकप नकआउटको आधारमा सञ्चालन भएको प्रतियोगिता संयोजक लामा अमृत गुरुङले बताए । नेपाली कांग्रेसको भातृसंगठन नेपाल लोकतान्त्रीक खेलकुद संघ कास्कीको आयोजनामा भएको क्लबस्तरीय पुरुष भलिबलको प्रतियोगिताको विजेताले १ लाख २० हजार, उपविजेताले ८० हजार, तेस्रो हुने समूहले ४० हजार र सान्त्वना हुने समूहले २० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने अध्यक्ष नविन पुनले बताए ।

# ईश्वरचन्द्र ज्ञवालीलाई ‘गोकुल वाङ्मय पुरस्कार’

पोखरापत्र संवाददाता
पोखरा, ४ जेठ

गण्डकी साहित्य सङ्गम, पोखराले समाजवादी यथार्थवाद र सामन्तवाद-साम्राज्यवाद विरोधी प्रगतिशील तथा देशभक्त साहित्यिक धारामा साधना गर्ने स्रष्टा-द्रष्टाहरुलाई प्रेरणा, प्रोत्साहन एवं सम्मान गर्न २०५२ सालदेखि राष्ट्रिय तहमा ‘गोकुल वाङ्मय पुरस्कार’ (रु. ४०,०००।-) र क्षेत्रीय तहमा ‘गण्डकी वाङ्मय पुरस्कार’ (रु. २०,०००।-) एक - एक वर्ष बिराएर प्रदान गर्दै आएको छ।

यसै क्रममा २०८० सालको राष्ट्रिय तहको पुरस्कार प्रदान गर्न प्रतिभा छनौटका लागि सङ्गमका कार्य समिति सदस्य काजी गाउँलेको संयोजकत्वमा गठित सल्लाहकार डा. कृष्णराज अधिकारी र प्रगतिशील साहित्यकार लोकबहादुर थापा समेत तीन जनाको समितिले सर्वसम्मत सिफारिस गरेअनुरुप करिब चार दशकदेखि प्रगतिवादी साहित्यका फाँटमा निरन्तर साहित्य साधना गर्दै आएका प्रगतिवादी साहित्यकार ईश्वरचन्द्र ज्ञवालीलाई ‘गोकुल वाङ्मय पुरस्कार’ प्रदान गर्ने निर्णय गरेको छ। उक्त पुरस्कार ९५ औं गोकुल जयन्तीको अवसर पारेर मितिः २०८१-०२-१२ गते शनिबारका दिन विशेष समारोहका साथ हस्तान्तरण हुनेछ।

२०१६ सालमा पाल्पाको भुवनपोखरीमा जन्मेका ईश्वरचन्द्र ज्ञवालीका ‘कविताञ्जलि’, ‘हुरीका स्पन्दनहरु’, ‘यसरी देश मरिरहेछ’, ‘हाम्रो रातो यात्रा’, ‘आगोका शब्दबिम्ब’, ‘आलोकका प्रतिबिम्ब’ लगायतका कविता सङ्ग्रहहरु प्रकाशित छन्।

यसै गरी ज्ञवालीका ‘ वर्गसङ्घर्षको सन्दर्भः संस्कृति र सौन्दर्य’ (सौन्दर्य शास्त्र), ‘ मार्क्सवाद र समालोचना’ (समालोचना), ‘सौन्दर्य र संस्कृति चिन्तन’ (सौन्दर्य शास्त्र- २०७९) आदि समालोचनात्मक एवम् सौन्दर्य शास्त्रसँग सम्बन्धित कृतिहरु पनि प्रकाशित छन्।

ज्ञवाली प्रगतिवादी साहित्यिक एवम् सांस्कृतिक सङ्घसंस्थाहरुमा क्रियाशील स्रष्टा हुन् । ‘गण्डकी साहित्य सङ्गम’को ’गोकुल वाङ्मय पुरस्कार’द्वारा देवीप्रसाद किसान (केवलपुरे)– २०५२, खगेन्द्र सङ्ग्रौला– २०५४, गोविन्द भट्ट– २०५६, श्यामप्रसाद शर्मा– २०५८, रमेश विकल– २०६०, निनु चापागाईँ– २०६२, मोहन वैद्य (चैतन्य)– २०६४, आनन्ददेव भट्ट– २०६६, घनश्याम ढकाल– २०६८, मोदनाथ प्रश्रित– २०७०, हरिहर खनाल– २०७२, जीवन शर्मा– २०७४ र डा. ऋषिराज बराल- २०७८ यसपूर्व पुरस्कृत वाङ्मयसेवीहरू हुन्।

यसै गरी सङ्गमद्वारा सञ्चालित ‘गण्डकी वाङ्मय पुरस्कार’बाट यसपूर्व भेषजराज शर्मा– २०५३, भवानीप्रसाद पाण्डे (भास्कर)- २०५५, दिल साहनी– २०५७, कुल बहादुर के.सी.– २०५९, नुमराज बराल– २०६१, केदार शर्मा ढकाल– २०६३, कुलप्रसाद खनाल– २०६५, देवेन्द्र लम्साल– २०६७, डा. रविलाल अधिकारी– २०६९, पोषराज पौडेल– २०७१, गोपीरमण उपाध्याय– २०७३, रविकिरण निर्जीव– २०७५, चिन्तु गिरी- २०७७ र नारायण परिश्रमी- २०७९ पुरस्कृत भइसकेको जानकारी संस्थाका सचिव नारायण मरासिनीले दिएका छन्।

# कोदोखेतीतर्फ पर्वतका किसानको बढ्दो आकर्षण

पोखरापत्र संवाददाता
पर्वत, ४ जेठ

परम्परागत बालीका रूपमा रहेको कोदो उत्पादनतर्फ पर्वतका किसानको आकर्षण बढ्दै जान थालेको छ। बजार अभावले केही वर्ष पहिलेसम्म कोदो उत्पादन गर्न छाडेका किसान अहिले पुनः कोदोखेतीमा सक्रिय हुन थालेका छन्।

प छि ल ला केही वर्षयता होटल, रेष्टुरेन्ट तथा घरबास ‘होमस्टे’हरूमा कोदोका परिकारको माग बढ्दै गएपछि किसान यसतर्फ आकर्षित भएका हुन् । कोदोको परिकारमा प्रोटिन, आइरन र क्याल्सियम बढी मात्रामा पाइने र स्वास्थ्यका लागि उपयोगी हुने भएकाले माग बढ्दै जाँदा उत्पादन पनि बढ्दै गएको किसानको भनाइ छ।

पहिले-पहिले कोदोको ढिँडो, रोटी र खोले निकै कम मात्रै पाक्थ्यो । पछिल्लो समय घरबाससँगै सहर बजारका ठूला-ठूला होटलका भान्छामा पनि ढिँडो पाक्न थालेको छ। कोदोको माग बढ्दै जान थालेपछि जिल्लामा व्यावसायिक रूपमा कोदोखेती गर्नतर्फ किसानलाई आकर्षण गर्न थालिएको जिल्लस्थित कृषि ज्ञान केन्द्रले जनाएको छ। केन्द्रले परम्परागत बाली उत्पादन प्रवर्द्धन कार्यक्रमअन्तर्गत कोदो उत्पादन गर्ने किसानलाई अनुदान दिन थालेको हो । चालु आर्थिक वर्षमा थप साढे २८ हेक्टर क्षेत्रफलमा कोदोखेती विस्तारका लागि केन्द्रले सहयोग गरेको छ । कोदोखेती गर्ने किसानलाई यान्त्रिकीकरणमा सहयोग गरिएको केन्द्रका प्रमुख परशुराम अधिकारीले जानकारी दिनुभयो।

उहाँका अनुसार चालु आवमा कोदो बालीको प्रवर्द्धनका लागि किसानलाई रु पाँच लाख वितरण गरिएको छ । किसानलाई यान्त्रिक हलो र थ्रेसर मेसिन उपलब्ध गराइएको भन्दै यसले खेतबारी खनजोत गर्न र उत्पादन भइसकेपछि कोदो झार्न सहज हुने भएको उहाँको भनाइ छ । किसानलाई कार्यबोझ घट्नाका साथै उत्पादन लागत समेत कम होस् भन्ने उद्देश्यले यान्त्रिकीकरणमा सहयोग गरिएको कार्यालयले जनाएको छ।

यसबाहेक परम्परागत जातका बालीका रूपमा रहेका फापर, धान, जौ, कोदोको प्रशोधनका लागि रु चार लाख अनुदान वितरण गरिने अधिकारीले बताउनुभयो । पर्वतमा झापे, डल्ले, मङ्सिरे र स्थानीय जातको कोदो उत्पादन हुँदै आएको छ।

जिल्लाको आठ हजार तीन सय ४० हेक्टर क्षेत्रफलमा कोदोको उत्पादन हुने अधिकारीले जानकारी दिनुभयो । यस वर्ष पर्वतमा आठ हजार तीन सय १० मेट्रिक टन कोदो उत्पादन भएको छ जसमध्ये पाँच हजार एक सय ७५ मेट्रिक टन कोदो निर्यात भएको कार्यालयले जनाएको छ।

रु २३ करोड २८ लाख ७५ हजार भित्र्याइएको कृषि ज्ञान केन्द्रका प्रमुख अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार उत्पादित कोदोमध्ये तीन हजार एक सय ३५ मेट्रिक टन किसानले खाद्यान्न, बीउ र गाईभैँसीको दानाका रूपमा प्रयोग गरेका छन् । परम्परागत जातको कोदोको माग बढेपछि केही किसान व्यावसायिक उत्पादनमा लागेका छन् । जिल्लाको सबै क्षेत्रमा कोदो उत्पादनका लागि उपयुक्त हावापानी रहेको कार्यालयले जनाएको छ। पछिल्लो केही वर्षयता पर्वतको कुश्मा बजारका होटलहरूमा कोदोका परिकारको माग बढ्न थालेको होटल व्यवसायी कृष्णप्रसाद श्रेष्ठले बताउनुभयो । कोदोको ढिँडोसँगै, भाँगो, टिमुर र स्थानीय उत्पादनको परिकार पाहुनाले माग गर्न थालेका उहाँको भनाइ छ । माग बढेसँगै गाउँबाट कोदोको पीठो मगाएर पाहुनालाई ढिँडो खुवाउने गरेको श्रेष्ठले बताउनुभयो । मुख्यगरी मधुमेह र ग्याष्ट्रिक रोगवाट पीडितले कोदोको परिकार बढी मात्राा खाने गरेका छन्। अहिले ग्रामीण क्षेत्रमा उत्पादित कोदो स्थानीयले मदिरा बनाउन पनि प्रयोग गर्दै आएका छन्। बजारमा विभिन्न परिकार बनाएर बिक्री गर्ने प्रचलन बढ्दै गएको कृषि ज्ञान केन्द्र पर्वतका बागवानी विकास अधिकृत शङ्कर पौडेलले बताउनुभयो । कोदो उत्पादनका लागि प्रोत्साहनमूलक कार्यक्रम थालेसँगै क्षेत्रफल समेत बढ्ने केन्द्रको अनुमान रहेको छ।

# किसानलाई अनुदानमा कृषि औजार

पोखरापत्र संवाददाता
पोखरा, ४ जेठ

किसानलाई कृषि पेसामा थप आकर्षित गर्ने उद्देश्यले अनुदानमा कृषि औजार वितरण गरिएको छ।

पोखरा महानगरपालिका-२६ को सहयोग र वडा कृषि सञ्जालको संयोजनमा विभिन्न कृषक समूह तथा कृषकलाई ५० प्रतिशत अनुदानमा कृषि औजार तथा उपकरण प्रदान गरिएको हो । वडा कृषि सञ्जालको संयोजनमा आज आयोजित एक कार्यक्रमकाबीच पोखरा-२६ का वडाध्यक्ष नरेन्द्र थापा, महानगरका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले संयुक्तरूपमा ती सामग्री हस्तान्तरण गर्नुभएको हो।

कृषकलाई पाँच थान हाते ट्र्याक्टर, एक सय १० वटा प्लाष्टिक त्रिपाल, ४६ वटा प्लाष्टिक टनेल, एक सय ८० बाउसा, सात स्प्रे मेसिन, छ वटा तौल जाँच्ने मेसिन हस्तान्तरण गरिएको सञ्जालले जनाएको छ।

वडाध्यक्ष थापाले उत्पादनमा जोड दिँदै कृषि सञ्जालसँगको समन्वयमा ५० प्रतिशत अनुदानमा कृषि औजार तथा उपकरण प्रदान गरिएको बताउनुभयो। सकेसम्म सबै क्षेत्र र समुदायमा समेट्ने गरी वितरण गर्न खोजिएको बताउँदै उहाँले प्राप्त सामग्रीलाई अधिकतम उपयोग गर्दै उत्पादनमा वृद्धि गर्नतर्फ लाग्नुपर्नेमा जोड दिनुभयो । महानगरका कृषि महाशाखा प्रमुख कडरियाले यहाँका किसानलाई उत्पादनमा जोड दिँदै आत्मनिर्भर बनाउने उद्देश्यले विभिन्न अनुदान सहयोगका कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो । अनुदानमा प्राप्त सामग्रीको अधिकतम उपयोगसँगै सामूहिकरूपमा प्रयोग गर्नेतर्फ लाग्नुपर्ने उहाँको भनाइ छ।

कृषकलाई लक्षित गरी महानगरले विभिन्न कृषिजन्य उत्पादनको समर्थन मूल्यसमेत तोकेको बताउँदै कडरियाले खाली जग्गा नराख्ने गरी कृषकले उत्पादनमा क्रियाशील हुनुपर्ने आवश्यकता औँल्याउनुभयो।

वडा कृषि सञ्जालका संयोजक केशवराज ढुङ्गानाले अनुदानमा वितरित सामानको बहुउपयोग गर्दै अधिकतम फाइदा लिनुपर्नेमा जोड दिनुभयो । लेखनाथ खानेपानी उपभोक्ता समितिका अध्यक्ष मुरारी शर्मा, सिलिङ्गे कृषि सहकारी संस्थाका अध्यक्ष ठाकुरप्रसाद रानाभाट, सञ्जालका सहसंयोजक देवी ढुङ्गाना, पशुसेवा केन्द्र लेखनाथका प्रमुख विश्वनाथ गौतम, कृषि सेवा केन्द्रका अधिकृत रामचन्द्र पौडेललगायतले अनुदानमा वितरीत सामग्रीको बहुउपयोग गरी उच्च प्रतिफल लिनपर्नेमा जोड दिनुभयो।


प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं २५१७९

## हकदावी सम्बन्धि सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदावी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दावी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | GLI ०६१००१६८५० | सावित्री पौडेल | पोखरा-१९, कास्की |
| २ | GLI ०६१००१२१९१ | केशवराज घिमिरे | मध्यनेपाल-७, लमजुङ |



## मालपोत कार्यालय लेखनाथ कास्कीबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं ३३ निवासी गोपालका नाती, जयस्वर रानाभाटका छोराहरु चन्द्र बहादुर रानाभाट, कुल बहादुर रानाभाट, देव बहादुर रानाभाट र कृष्ण बहादुर रानाभाटको द.नं. ४८९६ मिति २०८०/१/७ को छुट जग्गा दर्ता नामसारी गरिपाउँ माग निवेदनमा कास्की जिल्ला रुपाकोट मौजे जि.मु. नरध्वजको सुरथ बहादुर बस्नेत क्षेत्री जिम्मा, मोहि सुरथ बहादुरका नाममा लगत दर्ता रहेको, कृष्णचन्द्र उपाध्यायबाट राजीनामाले हक हुन आई सर्वे नापीका समयमा रुपाकोट गा.बि.स. वडा नं १ को कि.नं १३१२ क्षे.फ. ४-१२-३-० विरहमा धान सिम जनिएको फिल्डबुकको कैफियत महलमा जायश्वर रानाभाट भएको, जागेश्वर रानाभाटबाट तिरो तिरी भोग चलन गर्दै आएकोमा जायश्वर तथा निजकी श्रीमती सुर्यदेवी रानाभाटको मृत्यु भएकाले हकवाला छोराहरुको संयुक्त नाममा छुट जग्गा दर्ता नामसारी माग निवेदन प्राप्त भएको, फिल्डबुकका जायश्वर, मृत्यु दर्ताका जाघेश्वर, नागरिकताका जयस्वर र तिरोको जागेश्वर एकै व्यक्ति नभई फरक फरक व्यक्ति भएमा वा जग्गाधनी अन्य व्यक्ति भै मोही जायश्वर भएमा वा उक्त जग्गामा यस अघि अन्य कसैले कारवाही चलाएको भएमा वा निवेदकको माग बमोजिम दर्ता गर्न नहुने कुनै कारण भएमा वा उक्त जग्गामा अन्य कसैको हक लाग्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाण सहित उजुरी गर्न आउनुहोला अन्यथा कानुन बमोजिम छुट जग्गा दर्ता नामसारी भैजाने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

इति सम्वत् २०८१ साल वैशाख २५ गते रोज ३ शुभम्
नेपाल सम्वत् ११४४ चैलागा १४ मंगलवार


# उपल्लो मुस्ताङमा भेटियो नयाँ प्रजातिको चरा

पोखरापत्र संवाददाता
पोखरा, ४ जेठ

अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्ने उपल्लो मुस्ताङको लोमान्थाङमा नयाँ प्रजातिको चरा भेटिएको छ । नेपाल पन्छीविद् सङ्घका अनुसार उक्त चरालाई ‘फुस्रो सारौँ’ अभिलेख गरिएको छ।

चराविद् शङ्कर तिवारीले पदयात्राका क्रममा गत वैशाख २५ गते बिहान ८:४९ बजे उक्त चरा देख्नुभएको नेपाल बर्ड रेकर्ड कमिटीका अध्यक्ष डा तुलसी सुवेदीले जानकारी दिनुभयो । कमिटीले चराका तस्बिर र विवरणको अध्ययन तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय चराविद्सँगको राय सुझावका आधारमा नयाँ प्रजाति पहिचान गरेको हो । चराविद् तिवारीले अवलोकनका क्रममा भेटाएको सो चराको अङ्ग्रेजी नाम ‘ह्वाइट चिक्ड स्टार्लिङ’ र वैज्ञानिक नाम ‘स्पोडायोप्सर सिनेरासियस’ रहेको जनाइएको छ । यो चरा उत्तर र पूर्वी एसियाका चीन, जापान, मङ्गोलिया, उत्तर कोरिया, रुस, दक्षिण कोरिया, हङकङ, ताइवान र भियतनाममा आवसीय रूपमा पाइने सङ्घले जनाएको छ । लाओस, म्यानमार, फिलिपिन्स र थाइल्यान्डमा फिरन्ते चराका रूपमा रेकर्ड भएको सङ्घद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। योसँगै नेपालमा चराका प्रजातिको सङ्ख्या आठ सय ९५ पुगेको जनाइएको छ।

नेपालबाट सबैभन्दा नजिक चीनका विभिन्न ठाउँमा यो चरा पाइने गरेको छ। यो चराले जाडोमा दक्षिणतिर बसाइँ सर्ने र दक्षिणपूर्वी चीन, ताइवानमा जाडो बिताउने गरेको चराविद् बताउँछन् । लोमान्थाङमा रेकर्ड गरिएको उक्त चरा प्रजनन क्षेत्रमा फर्कने बाटोमा फिरन्तेका रूपमा आइपुगेको अनुमान गरिएको छ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |


हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# तनहुँमा बाह्र वटा साना योजना सम्पन्न

पोखरापत्र संवाददाता
तनहुँ, ४ जेठ

सामाजिक विकास कार्यालय तनहुँले चालु आर्थिक बर्षमा सञ्चालन गरेका सत्चालिस योजनामध्ये १२ योजना सम्पन्न भएका छन् । कूल योजनामध्ये ३२ वटा योजना सम्झौता भएका थिए । सम्पन्न भएका योजनाको भुक्तानी भइसकेको छ। बाँकी १५ वटा योजना सम्झौता हुन बाँकी रहेको सामाजिक विकास कार्यालय प्रमुख विक्रम सुवेदीले जानकारी दिनुभयो। उहाँका अनुसार बार्षिक योजना अर्न्तगत १४ र राष्ट्रिय खेलकूद परिषदका एक गरी १५ योजना सम्झौता हुन बाँकी छन्।

सम्पन्न भएका योजना अर्न्तगत विद्यालय, मन्दिर, सामुदायिक भवन, धार्मिक, साँस्कृतिक र खेलकूद क्षेत्रका पूर्वाधार मर्मत तथा निर्माण गरिएको छ । त्यसैगरी विपदजन्य घट्नाका कारण विद्यालयमा पुगेको क्षति न्यूनीकरणका लागि विपद् व्यवस्थापन शैक्षिक कार्यक्रम अर्न्तगत सात वटा योजना सम्झौता भई निर्माण प्रक्रियामा छ।

# पुतलीबजारका महिला संजाललाई क्षमता विकास तालिम

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, ४ जेठ



पुतलीबजार नगरपालिकाले वडास्तरीय महिला संजालका पदाधिकारीलाई क्षमता विकास तालिम दिएको छ।

नगरपालिकाले महिला सशक्तिकरणका लागि छुट्टाएको बजेटबाट वडास्तरीय महिला संजालका पदाधिकारीहरुलाई ४ दिने क्षमता विकास सम्वन्धी तालिम दिएको हो। गएको आर्थिक बर्षको अन्त्यतिर नगरपालिकाले वडास्तरकामहिलासंयोजकहरुको राय, सुझाव लिएको थियो । उक्त राय र सुझावका आधारमा महिलाहरुलाई क्षमता विकास सम्वन्धी तालिम दिन लागिएको पुतलीबजार नगर उपप्रमुख देवी अर्यालले जानकारी दिइन् ।

हामीलाई पहिला सकरात्मक सोचका लागि क्षमता विकास तालिम दिनुपर्‍यो भन्ने सुझाव महिलाहरुको आयो उपप्रमुख अर्यालले भनिन्,'महिलाको क्षमतामा विकास भएमात्रै वडा, नगर र जिल्ला समृद्ध बन्न टेवा मिल्छ ।' महिला जागरुक नहुँदा धैरै अधिकारका बिषय सगै विकासका कार्यहरु समेत प्रभावित भएका छन् उनले भनिन् । पहिलो चरण नगरपालिकाले नगरभित्रका झण्डै ६५ जना अगुवा महिलाहरुलाई क्षमता विकास तालिममा सहभागी गराएको उनले बताइन् । तालिममा सहभागी भएका महिलाहरुले वडातहका महिलाहरुलाई प्रशिक्षित गर्नेछन् उपप्रमुख तिवारीले भनिन्,'सबै महिलामा क्षमता विकास भएपछि आयाआर्जनमा जोड्ने छौं ।' सकरात्मक सोच भएपछि मिलाहरु आफै आयआर्जनको बाटो अपनाउने विश्वास नगरपालिकाले लिएको छ उनले भनिन् ।

शुक्रवारबाट शुरु भएको यो तालिम ४ दिनसम्म चल्ने नगरपालिकाले जनाएको छ । तालिममा सहभागी महिलाहरुलाई नगर प्रमुख तुलसीराम रेग्मीले तालिमको भरपुर उपयोग गर्न सुझाए । टोल–टोलमा पुगेर महिलाहरुलाई कानुनी अधिकार, क्षमता विकास सम्वन्धी प्रशिक्षण दिन नगर प्रमुख रेग्मीले आग्रह गरे । पुतलीबजार नगरपालिका महिलामैत्री नगरपालिका रहेका बताउदै नगर प्रमुख रेग्मीले आफ्ना अधिकार र मागलाई ढुक्कसगँ माग्न समेत आग्रह गरे ।

तालिमको पहिलो दिन प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले सशक्तिकरण र महिला सशक्तिकरणका बिषयमा सहजीकरण गरेकी थिइन् भने जिल्ला अस्पतालका ओसिएमपी संयोजक गीता न्यौपानेले अस्पतालको सेवा सुविधाका बारेमा सहजीकरण गरेकी थिइन् ।

४ दिनसम्म चल्ने तालिममा जिल्ला सरकारी वकिल कार्यालयका श्रीकला पौडेल, रेडियो स्याङ्जाका प्रवन्धक रमेश गोदार र नगरपालिकाका महिला बालवालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख ठगी कुमारी खनालले सहजिकारण गर्नेछन् ।

# सेन्ट्रल गार्डनको अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, ४ जेठ




लायन्स क्लब अफ पोखरा सेन्ट्रल गार्डनले एसइइ विद्यार्थीसँग अन्तरक्रिया गरेको छ।

क्लबले क्लबको पढाऔं अभियान अन्तर्गत वैशाख १२ गतेदेखि सञ्चालित उद्घोषण, नेतृत्व विकास, भाषणकला, प्रतिवेदन लेखन र आधारभूत कम्प्युटर तालिमका विद्यार्थीसँग सिकाइ उपलब्धिबारे अन्तरक्रिया गरेको हो।

क्ललबका संस्थापक अध्यक्ष हरि भाटले क्लबले हरेक वर्ष पढाऔं अभियान अन्तर्गत दुई लाख बराबरको छात्रवृत्ति तथा शैक्षिक सामग्री वितरण कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिए । उनले क्लबले स्थापनाकालदेखि पढाऔं अभियान अक्षयकोष स्थापना गरी हरेक वर्ष एसएलसी दिएका सीमान्तकृत समुदायका छोराछोरीलाई निःशुल्क नेतृत्व विकासका साथै आधारभूत कम्प्युटरसहितका प्राविधिक सञ्चालन गर्दै आएको जानकारी दिए। अध्यक्ष भाटले क्लबले यस वर्ष पनि गण्डकी हाइटेक व्यवहारिक सीप विकास तालिम केन्द्रसँग सहकार्य गर्न पाएकोमा खुसी व्यक्त गरे । गौरीशंकर बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख कृष्णप्रसाद पौडेलले सिकाइमा अभ्यास जति धैरै उति निखारता आउने भएकाले धैरै भन्दा धैरै अभ्यासमा केन्द्रित रहन सुझाव दिए। उनले सिकेको सीपको व्यवहारिक जीवनमा सही प्रयोग नहुँदा सिकाइको अर्थ नहुने भएकाले विद्यार्थीलाई हरेक गतिविधिमा सक्रिय सहभागी हुन आग्रहसमेत गरे । लायन वर्ष २०२२/२३ का अध्यक्ष तुल रानाभाटले क्लबले व्यक्तित्व र नेतृत्व विकास तालिम सामुदायिक विद्यालयका सबै भाइबहिनीका लागि निःशुल्क सञ्चालन गरे तापनि आरक्षण कोटामा सञ्चालित कम्प्युटर तालिममा आगामी वर्षदेखि पुर्नविचार गरेर अगाडि बढ्ने बताए। तालिमका प्रशिक्षक असफल गौतमले क्लबप्रति धन्यवाद ज्ञापन गरे । अन्तरक्रियामा विद्यार्थी शुभेच्छा ढकालले आफूलाई यस तालिमले धैरै व्यवहारिक र प्राविधिक ज्ञान आर्जन भएको बताइन्। सम्बोधी बज्राचार्यले कम्प्युटर सीपसहित व्यक्तित्व विकास तालिमले विद्यार्थीलाई एसएलसीपछिको प्रवेश परीक्षा पास गर्न पनि सहयोगी हुने बताए । सुजन कार्कीले क्लबको व्यवहारिक सीप र अभ्याससहितको कार्यक्रम निकै प्रभावकारी भएको बताए।

स्नेहा परियार, अनिता नेपाली, युजन विक, समीक्षा सारु, सविना बुढामगर, सोनम गुरुङलगायतले तालिमबाट आफूमा आत्मबल बढेको धारणा राखेका थिए।

# कोरियाको आम्दानी माछापालनमा लगानी

**पोखरापत्र संवाददाता**
बागलुङ, ४ जेठ

बागलुङ नगरपालिका-४ निरयघाटमा १४ रोपनी जग्गमा लक्ष्मण पुनको एग्रो रिसोर्ट छ । बागलुङको काठेखोला गाउँपालिका-८ लेखानी घर भई बागलुङ बजार बस्दै आउनुभएको पुनले कोरियाको सीपलाई नेपालमा सदुपयोग गर्नका लागि माछापालनसँगै रिसोर्ट सञ्चालन गर्दै आउनुभएको छ।

लक्ष्मण पुनले जीवनको १४ वर्ष विदेशी भूमि दक्षिण कोरियामा बिताएर फर्कनुभएको थियो । उहाँ छ वर्षदेखि निरयघाटमा माछापालन गर्दै आउनुभएको छ । उहाँले तीन वर्षयता माछा मार्ने र माछा खान आउनेको सेवालाई मध्यनजर गर्दै रिसोर्टसमेत खोल्नुभएको छ । रिसोर्टमा माछाका पारखी समय-समयमा पुग्ने गरेका छन् । "कामदारको रूपमा कोरिया पुगेको थिए, कोरियामा कडा मेहनत र परिश्रम के हो भन्ने शिक्षा पाए, कोरियामा गरेको आम्दानीले बागलुङ बजारमा घर बनाए, बाँकी रहेको रकमले १४ रोपनी जग्गा भाडामा लिएर माछापालन, तरकारीखेती र रिसोर्ट खोलेको थिए, कोरोनाअघि एक चरणको माछाबाट रु छ लाखसम्म आम्दानी भयो", पुनले भन्नुभयो, "कोरोनापछि दानाको मूल्य बढेपछि माछा उत्पादनमा केही गिरावट आएको छ, माछाको उत्पादन राम्रो भए लगानीको दोब्बर नाफा हुन्छ, उत्पादन बढाउन राम्रो हेरचाह आवश्यक छ ।" कोरियाको जस्तो काम नेपालमै गर्न सके राम्रो सम्भावना देखेर लगानी गरेको उहाँको भनाइ छ । रु ५० लाख लगानी गरेको बताउँदै उहाँले आम्दानीलाई लगानीमा परिणत गरेकाले बचत नभएको बताउनुभयो । उहाँले आफूसँगै छोरालाई समेत माछापालनमा लगाएका जानकारी दिनुभयो । उहाँले छोरा अमृत पुनलाई माछापालन सिकाइरहेको जानकारी दिँदै रिसोर्टको जिम्मेवारी छोरालाई दिएको बताउनुभयो । "कोरियामा मेसिनको गतिमा काम हुने, कामप्रतिको लगाव, मेहनत र श्रमप्रतिको सम्मानबारे गतिलो भोगाइ र सिकाइले नेपालमा फर्केर आरामगर्न सकिन, ६२ वर्षको उमेरमा समेत माछापालनमा उत्तिकै सक्रिय छु", उहाँले भन्नुभयो। उहाँले चार वर्ष निकै फस्टाएको माछापालन केही घटेको बताउनुभयो । उहाँले माछापालनसँगै रिसोर्टमा लगानी थपेपछि माछा उत्पादनलाई थोरै घटाएको बताउनुभयो । उहाँले रिसोर्टमा आउनेले माछा मार्ने, बल्छी खेल्ने व्यवस्था मिलाइएको जानकारी दिनुभयो। राम्रो फस्टाउँदा एउटै माछा छ केजीसम्मको भएको जानकारी दिनुभयो। वार्षिक रु एक लाख ५० हजार भाडा तिर्ने १४ रोपनी जग्गामा रिसोर्ट, तीनवटा सात रोपनीका माछा पोखरी, रेष्टुराँ, तीन वटा सुविधा सम्पन्न कोठा, तीन वटा प्लाष्टिक टर्नेल र तरकारी खेती रहेको छ। उत्पादन गरेको माछा बागलुङ बजारमै खपत हुने भएकाले माछाका लागि बजारको चिन्ता नभएको उहाँको भनाइ छ। उहाँले उत्पादन गर्नसके बजारको चिन्ता नभएको बताउँदै उत्पादन बढाउन यस पटक भुरामा लगानी थप्न थालेको जानकारी दिनुभयो । रु तीन लाखको भुरा पोखरीमा हालेपछि राम्रोसँग हुर्केमा रु १२/१५ लाख आम्दानी हुन्छ, तर राम्रो उत्पादन नभए रु पाँच/छ लाखमै सीमित हुने उहाँको भनाइ छ। सात रोपनीमा तीनवटा माछा पोखरीमा ग्रास काव कमन, सिल्भर काव गरी पाँच प्रकारका माछा पुनको फार्ममा रहेको छ। परिवारका अन्य सदस्यलाई आफ्नै देशमा उद्यमी बन्न प्रेरणा दिने लक्ष्यका साथ कृषि कर्मका लगाएको उहाँको भनाइ छ । परिवारका सदस्यलाई स्वदेशमै उदमी बनाउने योजनाले परिवारका सबै सदस्य रिसोर्टमै बसेर माछापालन गर्दै आउनुभएको छ । माछापालनमा निकै राम्रो सम्भावना रहेको उहाँको अनुभव रहेको छ। चिसो मूलको पानीमा पालिएका माछा निकै स्वादिष्ट हुने भएकाले माछाको माग धान्नै मुस्किल पुनलाई छ।

# किसानलाई उद्यमशीलतासँग जोड्न मौरी घार वितरण

**पोखरापत्र संवाददाता**
वालिङ, ४ जेठ

किसानलाई उद्यमशीलतासँग जोड्न स्याङ्जाको भिरकोट नगरपालिकाले गोलासहितका मौरी घार वितरण गरेको छ।

गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम (मेडपा) अन्तर्गत भिरकोट-९ का किसानलाई घार वितरण गरिएको हो । मौरीपालनका दृष्टिले प्रशस्त वनजङ्गल र चरन क्षेत्र भएकाले पनि मौरीपालन फस्टाउन सक्ने भएकाले वडाका किसानलाई घार वितरण गरी अभियान थालिएको नगर प्रमुख गोविन्दकुमार कर्माचार्यले बताउनुभयो । "मौरीपालनका दृष्टिले प्रचुर सम्भावना देखिएकाले अहिले वडा नं ९ मा मौरीका घार वितरण गरेका हौँ", उहाँले भन्नुभयो, "आगामी दिनमा यसलाई व्यावसायिकरूपमा अगाडि बढाउँदै आयआर्जनसँग जोड्ने र यहाँका नागरिकको आर्थिक समृद्धिमा सुधार ल्याउने उद्देश्य छ ।" मौरीपालन गर्दा मौरीको गोलासहितको घार तथा महको पनि माग उच्च भएकाले यहाँका नागरिकलाई मौरीपालनतर्फ जोड्दै लगिएको उहाँले बताउनुभयो । "पालिकाको योजना, नागरिकको चाहना र मागका आधारमा नागरिकलाई उद्यमी बनाउनका लागि निरन्तर लाग्छौँ", उहाँले भन्नुभयो, "यसमा नागरिकको परिश्रम र कामप्रति लगनशीलता हुनु जरुरी छ।" नगरपालिकाको ८० प्रतिशत अनुदान र किसानको २० प्रतिशत लागत साझेदारीमा गोलासहितका मौरी घार उपलब्ध गराइएको वडाध्यक्ष भीमबहादुर गुरुङले बताउनुभयो। रु नौ हजार मूल्य रहेको मौरीसहितको घारलाई किसानले रु एक हजार आठ सयमा प्राप्त गरेका हुन्। वडाका ३४ किसानलाई मौरीसहितको घार वितरण गरिएको हो । "कृषि कर्म गर्दै आएका यहाँका नागरिकको आर्थिकस्तर उकास्न उद्यमशीलतासँग जोड्नु जरुरी छ", उहाँले भन्नुभयो, "नागरिकलाई उद्यमशीलतासँग जोड्नका लागि मौरीको प्रचुर सम्भावना भएकाले मौरीपालनलाई व्यावसायिकरूपमा अगाडि बढाउने निष्कर्षमा पुगेका हौँ ।"मौरीपालन गर्नका लागि पाँचदिने आधारभूत ज्ञान सीप किसानलाई दिइएको छ । आगामी दिनमा मौरीपालनलाई व्यावसायिकतातर्फ अगाडि बढाउन र थप विस्तार गर्नका लागि वडा तथा पालिकाले निरन्तर सहयोग गर्ने उहाँले बताउनुभयो । "मौरीसहितका घार तथा शुद्ध महको माग बढ्दो क्रममा छ", उहाँले भन्नुभयो, "यहाँका किसानले उत्पादन गरेका मौरी तथा मह बिक्री नभएमा वडाले बिक्रीका लागि आवश्यक पहल गर्नेछ।"

# विद्यालयमा शून्य विद्यार्थी, चार शिक्षक

**पोखरापत्र संवाददाता**
बागलुङ, ४ जेठ

सुनसान गाउँ, वरपर केही घर, चारैतिर बढ्दै गरेको झाडी। त्यही झाडी छेउमा दुई जीर्ण भवन छन्। खिया लागेका जस्ताले छाएको छानो।

मक्किएका झ्याल ढोका। लेखिएको भित्ते लेखन र झ्यालमा अड्याएर राखिएको झन्डामा यहाँ पुग्ने हरेकको नजर ठक्क रोकिन्छ। भित्तामा राष्ट्रिय गान, राष्ट्रिय जनावर गाई, झन्डालगायत चित्र कोरिएको छ। यो जैमिनी नगरपालिका-४ सकुर्वा मौलाछ्मा रहेको सर्वोदय प्राथमिक विद्यालय हो । विसं २०१२ मा स्थापना भएको यस विद्यालयमा अघिल्लो वर्षसम्म आठ विद्यार्थी थिए । अहिले एकजना पनि विद्यार्थी छैनन्।

विद्यालयमा विद्यार्थी नभए पनि चार शिक्षक दैनिक आउँछन् । दुई स्थायी र बाल विकास सहजकर्तासहित दुई अस्थायी शिक्षक यस विद्यालयमा कार्यरत छन् । विद्यार्थी नभएपछि शिक्षकलाई दिन कटाउनै मुस्किल हुन्छ । गाउँ बसाइँसराइले रित्तिँदै गएपछि विद्यार्थीको सङ्ख्या शून्य भएको हो । केही वर्षअगाडिसम्म यस गाउँमा ८८ घर थिए। हाल ३३ घर मात्रै छन् । ती घरमा पनि बूढापाका मात्रै छन्। सेवा, सुविधा र विलासिताको खोजीमा सहर बजार भार्नेको लर्को लागेपछि विद्यालय बन्द हुनाका साथै गाउँ नै सुनसान बनेको छ। विद्यालयमा चिटिक्क परेका कक्षाकोठा छन्। शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन बनाइएको सामग्रीले विद्यार्थी पर्खिरहेका छन् । विद्यालयमा विद्यार्थीको चहलपहल हुनुपर्ने हो । दैनिक पठनपाठन हुनुपर्ने हो। विद्यार्थी नभए पनि विद्यालय सुनसान बनेको छ । डेस्क बेञ्चदेखि सबै किसिमका सुविधा छन् । विद्यार्थीविहीन विद्यालयमा शिक्षकले भने नियमित तलब खाइरहेका छन्। बागलुङका विभिन्न स्थानीय तहले विद्यार्थी कम भएका विद्यालयलाई समायोजन, तह मिलान तथा स्थगन गरिरहेका छन् भने जैमिनी नगरपालिकाले अहिलेसम्म गरेको छैन । यस विद्यालयका प्रधानाध्यापक लेखनाथ शर्माले विद्यार्थी नहुँदा दिन बिताउनै गाह्रो हुने गरेको बताउनुभयो । गाउँमा वृद्धवृद्धाबाहेक अरू नभएको हुँदा विद्यालय रित्तिएको उहाँको भनाइ छ। अझै आफूहरूले शिक्षाको गुणस्तर बढाएर छिमेकी गाउँबाट र बोर्डिङ पढ्ने विद्यार्थीलाई ल्याउन सकिन्छ कि भनेर प्रयास गरेको प्रधानाध्यापक शर्मा बताउनुहुन्छ। शर्माले भन्नुभयो, "एक दशक अगाडिसम्म झन्डै एक सय कुरिया (घर परिवार) रहेको गाउँमा अहिले घटेर निकै थोरै छन्, दिनदिनै बसाइँसराइ गरे तराई झर्ने गर्दा गाउँमा बूढापाका मान्छे मात्रै छन्, बालबालिका छैनन्, बालबालिका हुँदै नभएपछि विद्यालय रित्तिने अवस्था आयो, अझै पनि छिमेकी गाउँबाट विद्यार्थीलाई लिएर पढाउन सकिन्छ भनेर प्रयास गरिरहेका छौँ, विद्यार्थी नहुँदा हामी शिक्षकलाई पनि दिनभरि यत्तिकै बस्दा गाह्रो भएको छ।" विद्यालय नजिकैकी स्थानीय हिरा पौडेलले दकश अगाडिसम्म यस विद्यालयमा विद्यार्थीको चापले गर्दा डेस्क, बेञ्च नपुगेर भुइँमै बसेर पढ्ने गरेको बताउनुभयो । अहिले विद्यालयमा धैरै सेवासुविधा हुँदा पनि पढ्ने बालबालिका कोही नभएको उहाँको भनाइ छ । विद्यालय स्थापित गर्नका लागि गाउँलेले ठूलो योगदान पुर्‍याएको भन्दै अहिले विद्यार्थी नभएर रित्तो हुँदा दुःख लागेको पौडेलले बताउनुभयो । यहाँका अधिकांश चितवन, गैँडाकोटा, नवलपरासीलगायत ठाउँमा बसाइँसराइ गरेर गएपछि अचेल गाउँमा बालबालिका भेट्टाउनै मुस्किल पर्ने उहाँको भनाइ छ।

पहिलेको तुलनामा अहिले विद्यालयको अवस्था निकै फेरिएको पौडेल बताउनुहुन्छ। "हाम्रो छोराछोरीले पढ्ने बेला एउटा कुर्चीसमेत हुँदैनथ्यो, केटाकेटी भुइँमै धुलोमै बसेर पढ्थे, अहिले कोही पनि भुइँमा बस्न पर्दैन, बस्ने ठाउँ पनि कति राम्रो बनाएका छन्, नजिकै चर्पी, धारा बनेका छन् तर त्यो सुविधा लिने कोही छैन", पौडेलले भन्नुभयो, "यो अवस्था देख्दा निकै वैराग लाग्छ, यो ठाउँ पहिला कस्तो रमाइलो थियो, जताततै मान्छे भेटिन्थेँ, केटाकेटी भेटिन्थेँ, अहिले त न ठूला मान्छे भेटिन्छन्, न बालबालिका, गाउँमा भएका अलिअलि पनि बजार झर्ने सुरसार गर्दै छन् ।" जैमिनीका शिक्षा शाखा प्रमुख खेमप्रसाद आचार्यले विद्यार्थी कम भएका विद्यालयलाई समायोजन, तह मिलान र स्थगन गर्नका लागि सूचना जारी गरेको र वडा शिक्षा समितिले अध्ययन गरिरहेको बताउनुभयो। यही जेठ १२ गतेसम्म कुन कुन विद्यालय समायोजन गर्ने, कुन कुन विद्यालयको तह घटाउने र स्थगन गर्ने भन्ने विषयमा वडा शिक्षा समितिले प्रतिवेद बुझाउने तथा सोहीअनुसार नगरपालिकाले काम गर्ने उहाँको भनाइ छ।

नगर शिक्षा अधिकारी आचार्यले भन्नुभयो, "नगरपालिकाले १० वटै वडाका विद्यालयको अवस्था बुझ्ने र तह मिलान, समायोजन तथा स्थगन गर्ने विषयमा हामीहरू गम्भीर छौँ, वडा शिक्षा समितिमार्फत सबै वडाका विद्यालयका बारेमा अध्ययन गरिराख्नु भएको छ, यही जेठ दोस्रो साता उहाँहरूले प्रतिवेद ल्याउनुहुन्छ र सोही अनुसार नगरपालिकाले विद्यालय समायोजन गर्ने, तह घटाउने अथवा अरू के गर्ने भन्ने विषय निर्क्यौल हुन्छ।"


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १५ हरियो खर्क हस्पिटलमा भौतिक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः हरियो खर्क हस्पिटलमा भौतिक निर्माण
ठेगानाः पोखरा-१५
योजना सम्झौता मितिः २०८०/१२/२५ गते
योजना शुरु मितिः २०८०/१२/२६ गते
योजना सम्पन्न हुने मितिः २०८०/१२/३० गते
योजना सम्पन्न भएको मितिः २०८१/०२/१५ गते
योजनाको कुल लागतः रु. ७,७८,२११.६३
महानगरपालिकाबाटः रु. ७,००,०००/-
उपभोक्ताबाटः रु.७८,०००/-
जम्मा खर्चः रु.७,७८,२११.६३
उपभोक्ता समितिको अध्यक्षः हरि घिमिरे, सचिवः धनमाया गुरुङ, कोषाध्यक्षः नारायण बराल, सदस्यः सुरविर सूर्यवंशी, निरुपमा पोखेल, दिपक थापा

**हरियो खर्क हस्पिटलमा भौतिक निर्माण उपभोक्ता समिति**
**पोखरा-१५**